**बैठक संख्याः ३ (२०८०।८१)**

**बैठक सञ्चालन मितिः २०८०।०६।१७, बुधबार** **बिहानः ७.३० बजे।**

**प्रस्तावहरुः**

१. आ.व २०७९/८० को नगर गौरवका आयोजनाको लागत अनुमान संशोधन सम्बन्धमा
२. सवारी साधन व्यवस्थापन सम्बन्धमा।
३. विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।
   क. ज्येष्ठ नागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि, २०८०
   ख. विपन्न बालबालिका पोषण अनुदान कार्यविधि, २०८०
   ग. भवन निर्माण सम्बन्धी कार्यविधि, २०८०

**निर्णय नं. १**

आ.व २०७९/८० मा सुरुवात भई लागत अनुमान संशोधनको लागि पेश भएका तपसिल बमोजिमका नगर गौरवका आयोजनाको लागत अनुमान संशोधन गर्ने।

**तपसिल**

क. खैरहनी चोक देखि वडा नं. १२ को सडक ढल, पेटी सहितको बाटो निर्माण, चैनपुर चोक उत्तर तर्फ पुल देखि बिन्दवासिनी चोक हुँदै शिवालय जाने बाटो निर्माण, लाल्टिन बजारबाट सुल्तना हुँदै ढुंग्रे खोला पुल सम्म जाने बाटो निर्माण र सिमल टाँडी चोकबाट उत्तर दक्षिण दुवै तर्फ नाला, पेटी सहितको सडक निर्माण। **(ठेक्का नं 08/**MF/CHT-KMun/ Works /NCB / **2079-080)**

ख. नगरपालिका गेट देखि चैनपुर सम्मको दुवै साइड अपाङ्ग मैत्री बाटो, मगनी चोक बाट उत्तर दक्षिण ५००/५०० मिटर अपाङ्ग मैत्री बाटो र चैनपुर चोक बाट माथि लादरी पुल सम्म अपाङ्ग मैत्री बाटो। **(ठेक्का नं 01/**MF/CHT-Kmun/NCB/Works/**2079-080)**

**निर्णय नं. २**

नगरपालिकाका आयोजनाहरूको अनुगमन, नियमित व्यवस्थापकीय कार्य तथा अन्य निकायहरूसँगको समन्वय समेतको लागि यस नगरपालिकाले विगत पाँच वर्ष देखि भाडाको सवारी साधन प्रयोग गरिरहेकोमा मितव्ययिता समेतको आधारमा यस नगरपालिकाले आफ्नै सावरी साधन खरिद गर्न उपयुक्त देखिएको हुँदा नगरपालिकाको कार्यालय प्रयोजनको लागि प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम रु १ (एक) करोड भन्दा बढी व्यय भार नपर्ने गरी १ (एक) वटा ४ (चार) पाङ्ग्रे सवारी साधन नगरपालिकाको मौज्दात रकमबाट खरिद गर्ने प्रक्रिया अगाडि बढाउने र उल्लिखित सवारी साधन खरिद गरे पश्चात हाल भाडामा लिई नगरपालिकाले प्रयोग गरिरहेको सवारी साधनको सम्झौता रद्द गर्ने।

**निर्णय नं. ३**

बिधायन समितिबाट कार्यपालिका बैठकमा स्विकृतीका लागि सिफारिस गरिएका तपसिल बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने।

**तपसिल**

   क. ज्येष्ठ नागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि, २०८०
   ख. विपन्न बालबालिका पोषण अनुदान कार्यविधि, २०८०
   ग. भवन निर्माण सम्बन्धी कार्यविधि, २०८०